पाल्ही नन्दन गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बेलाशपुर,कुश्मा, नवलपरासी

५ नं. प्रदेश ,नेपाल

च.न.

प.सं. : ०७४।७५

मिति :२०७५/०३ /२४

बिषय : सूचना ! सूचना !! सूचना !!!

श्री सबैको जानकारीको लागी ।

उपरोक्त सम्बन्धमा यस पाल्ही नन्दन गाउँपालिका वडा नं. १ र २ (साबिक रमपुरवा र हरपुर गा.वि.स. समेत )को **बैदेशिक भार बाहन ,निकासी र पैठारी आय ठेक्का–१,** ठेक्काकोलागी भएको गाउँ कार्यपालिकाको मिति २०७५।०३।१८ गतेको निर्णय अनुसार आ.ब.०७५।०७६ वर्ष १को लागी ठेक्काको बन्दोबस्त गर्नु पर्ने भएकोले ठेक्का लिन चाहने इच्छुक महानुभावहरुले आउदो मिति २०७५।०३।३१ गते आइतवारका दिन **दिउंसो १२ :३० बजे देखि २:३० बजे सम्ममा** यस पाल्ही नन्दन गाउँपालिकाको कार्यालय बेलाशपुर कुश्मामा उपस्थित भै निम्न शर्तहरुको परिधि भित्र रही डाक बढा बढ गरी ठेक्का लिन सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

शर्तहरु :

१) डाक बढाबढ गर्ने व्यक्ति स्वदेशी भए आफुले कबोल गरेको अंकको १० प्रतिशत र बिदेशी भए आफुले कबोल गरेको अंकको २० प्रतिशत अग्रीम धरौटी राखी मात्र डाक बोल्न पाइने छ ।

२) २० हजार भन्दा फरक रकम अन्तर राखी डाक बोल्न पाईने छैन् ।

३) बैदेशिक भारबाहन ,निकासी र पैठारी करको दर रेट सूची पाल्ही नन्दन गाउँपालिकाको कार्यालय बेलाशपुर कुश्मामा हेर्न सकिने छ ।

४) ठेक्काको बोल कबोल गर्नेहरुले ठेक्काको बोली लगाउनु अगावै असुली दररेट र शर्तहरु अनिवार्य रुपमा हेरी मात्र डाक बढाबढ गर्नु पर्ने छ र अन्य केही कुरा बुझ्नु परेमा पाल्ही नन्दन गाउँपालिकाको कार्यालय बेलाशपुर कुश्मामा बुझ्न सकिने छ ।

५) ठेक्का सदर भएको मितिले ७ दिन भित्र प्रथम बोलीवालाले कबोल गरेको सम्पूर्ण रकम एकमुष्ठ पाल्ही नन्दन गा.पा.को.सञ्चित हि.न ३१०००३०४०१८१०४ मा दाखिला गरी पट्टा चलान पुर्जी उठाई सक्नु पर्नेछ ,एकमुष्ठ रकम बुझाउदा ५% छुट दिईने छ । पट्टा चला पुर्जी उठाउन नसके निजको धरौटी जफत हुने छ ।

६) प्रथम बोलीवालाले तोकेको म्याद भित्र पट्टा उठाउन नसके थप ५ दिन भित्र दोश्रो बोलीवालाले कबोल गरेको सर्म्पूण रकम पाल्ही नन्दन गा.पा.को.सञ्चित हि.न ३१०००३०४०१८१०४ मा एकमुष्ठ दाखिला गरी पट्टा चलान पुर्जी उठाई सक्नु पर्ने छ ,अन्यथा निजको पनि धरौटी जफत हुने छ ।

७) दोश्रो बोलीवालाले पनि पट्टा उठाउन नसके पुन: सूचना प्रकाशित गरी डाक बढाबढ द्वारा ठेक्का पट्टा गरिने छ ।

८) ठेक्काको आयकर ठेकेदार आफैले बुझाउनु पर्ने छ ।

९) ठेकेदारले नेपाल सरकार तथा गाउँपालिकाको निति निर्देशनको पालना गर्नु पर्ने छ ।

१०) ठेक्का अवधि आ.ब.०७५।०७६बर्ष १कोलागी पट्टा उठेको मिति देखि शुरु भई २०७६ असार मसान्त सम्म हुने छ ।

११) ठेक्का सदर गर्ने नगर्ने अधिकार पाल्ही नन्दन गाउँपालिकामा सुरक्षित रहने छ ।

१२) करको दर रेट सूची ठेकेदारले सबैले देख्ने ठाउँमा अनिवार्य रुपले राख्नु पर्ने छ ।

१३) कृषि कार्य अन्तर्गत निजी प्रयोजनकोलागी खरिद गरी ल्याउने माल सामानहरुमा कर दस्तुर लिन पाईने छैन् ।

१४) ठेकेदारले अनियमित कर रकम उठाएमा ठेकेदार स्वयं जवाफदेही हुनुपर्ने छ र ठेक्का सम्झौता बिपरित काम गरेमा जुनसुकै बेला पनि ठेक्का बदर गर्न सकिने छ ।

१५) विवाह, तिलक र मलामी प्रयोजनको जुन सुकै सवारी साधन बाट कर लिन पाइने छैन् ।

१६) गाउँपालिका बाट निर्धारित न्युनतम् अंक बैदेशिक भार बाहन ,निकासी र पैठारी कर ठेक्काको **रु.१०,४१,७८६। दश लाख एकचालीस हजार सात सय छयासी मात्र** देखी डाक बोली शुरु हुने छ ।

१७) महेशपुर बस पार्कको पटके सवारी कर ठेक्का छुट्टै हुने भएकोले यस ठेक्कामा समावेश गरिएको छैन ।

२०७५।०३।२४

प्रमुख प्रशासकीय अधिकृत